# सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

**प्रस्तावनाः**

रेबिज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशु पालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षती व्यहोर्दै आएका छन् । अतः कुकुरको बन्धाकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुर्‍याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्धेश्यका साथ नेपाल सरकारको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी, पारदर्शीरुपमा संचालन गर्न सुनापति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम **सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८** सुनापति गाउपालिका गाउ कार्यपालिकाबाट जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८** रहेको छ ।

(२) यो कार्यविधि कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि गाउ कार्यपालिकाबाट स्वीकृति भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१.**"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

२.**"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।

४ **"कार्यालय"** भन्नाले सुनापति गाउपालिका गाउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

३.**"कार्यविधि"** भन्नाले "सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" सम्झनु पर्नेछ।

४.**"गाउँपालिका"** भन्नाले सुनापति गाउँपालिकालाइ सम्झनु पर्ने छ ।

५.**"शाखा"** भन्नाले सुनापति गाउँपालिका पशु सेबा शाखा सम्झनु पर्नेछ ।

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) सुनापति गाउँपालिका पशु सेबा शाखाको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

ख) कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप सुनापति गाउँपालिका र अन्य संघ संस्थाहरुसंग सहकार्यमा संचालन गर्ने ।

ग) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयारी गरी सुसुचित गर्ने ।

घ) संक्रमित जनावरको टोकाईका कारण रेविज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्‍याउने ।

## <u>परिच्छेद २</u>

**४. कार्यक्रम संचालन प्रक्रियाः** (१) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी सुनापति गाउँपालिकाले पशु कल्याणमा संलग्न संघ/संस्था र भेटेरीनरी क्लिनिकसँग सहकार्यमा संचालन गरिने छ । सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ ।

-२_ यस कार्यक्रममा बिशेस गरी सामुदायिक पोथी कुकुरहरुको बन्ध्याकरण गरिने छ, यदि पोथी कुकुरको संख्या कम भएमा भाले कुकरलाइ पनि बन्ध्याकरण गरिने छ।

(३) रेविज खोप यथासंभव स्वदेशी प्रयोग गर्नुपर्नेछ ।

(४) सुनापति गाउँपालिका पशु सेवा शाखाले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेबिज भ्याक्सीनेसन कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(५) रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ ।

(६) रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्नुपर्नेछ।

(७) सम्पन्न कार्यको प्रगति विवरण सुनापति गाउँपालिका पशु सेवा शाखामा नियमित अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(८) संघ /संस्थाहरुको मुल्याङ्कन गर्ने आधार निम्न अनुसार हुनेछ ।

१. संघ /संस्थाहरुको दर्ता र नविकरण(३० अंक)

२. संस्थाले हालसम्म पोथी कुकुर बन्ध्याकरण गरेको संख्या (४० अंक)

३. संघ संस्थामा उपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण (३० अंक)

(क) पशु चिकित्सकको संख्या (१५ अंक)

(ख) पशु चिकित्सकको सम्वन्धित क्षेत्रमा अनुभव (१५ अंक)

जम्मा अंक १००

(९) आवेदक संघ/संस्थाहरुको छनौटको लागी प्राविधिक मुल्याङ्कन समितिको गठन निम्न अनुसार हुनेछ ।

१. सुनापति गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — संयोजक

२. सुनापति गाउँपालिका आर्थिक बिकास समिति संयोजक — सदस्य

३. सुनापति गाउँपालिका पशु सेबा शाखा , प्रमुख — सदस्य सचिव

आवश्यकता अनुसार २ जना सम्म सदस्य थप गर्न सकिने छ .

## परिच्छेद ३

**५. कार्यक्रम अनुगमन तथा मुल्यांकनः** (१) यस कार्यक्रमको अनुगमन र मूल्यांकन सुनापति गाउँपालिका आर्थिक बिकास समिति, पशु सेबा शाखाबाट हुनेछ ।

## परिच्छेद ४

**६. आर्थिक कार्यविधिः (१)** सहकार्यमा छनौट भएका पशु कल्याणमा संलग्न संघ/संस्था, स्थानीय निकाय र भेटेरीनरी क्लिनिकलाई सुनापति गाउँपालिका पशु सेवा शाखा बाट प्रति कुकुर रु ३०००/– (अक्षेरुपी तीन हजार मात्र) का दरले बजेट उपलब्ध गराईने छ । सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आवश्यक आहारा तथा अन्य व्यवस्थापन सम्वन्धित संघ वा संस्थाले गर्नुपर्नेछ ।प्रति कुकुर बन्ध्याकरण गर्दा माथि उल्लेखित रु ३०००/– (अक्षेरुपी तीन हजार मात्र) मा थप आवश्यक पर्ने रकम साँझेदारले ब्यहोर्नु पर्नेछ ।

(२) कार्यक्रम सम्पन्न भैसकेपछि सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत सम्वन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत सुनापति गाउँपालिका पशु सेवा शाखामा उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिइनेछ ।

(३) यस कार्यका लागि तपशील बमोजिमका कृयाकलापहरुमा निम्नानुसार रकम खर्च गर्न सकिने छ ।

| क्र. सं. | क्रियाकलापहरु | लक्ष्य | लागत | जम्मा बजेट रु. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | कार्य संचालन गर्नको लागी प्रचार प्रसार, सुचना प्रेषण तुल, ब्यानर | ३ पटक | २५००० | ७५,००० |
| २. | कार्यालय समान तथा अन्य लजिस्टिक | १ पटक | १०००० | १०,००० |
| ३. | चिया पान | ३ पटक | ५००० | १५,००० |
| ४. | पोथी कुकुरलाई बन्याकरण तथा रेबिज खोप | २५० संख्या | ३००० | ७,५०,००० |
| | **जम्मा** | | | **८,५०,०००** |

क) जुन खर्च शिर्षकमा रकम उपलब्ध भएको छ सोही शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।

ख) कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै विल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।

ग) माथि उल्लेखित प्रक्रिया अबलम्बन गर्न सम्भब नभयमा आर्थिक विकास समिति मार्फत कार्यपालिकाबाट स्वीकृत गरि रु ८,५०,०००. नबड्ने गरि पशु सेवा शाखा मार्फत पनि संचालन गर्न सकिने छ ।

## परिच्छेद ५

**७. आर्थिक प्रशासन सेवाः** कार्यक्रम लेखा लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**८. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः** यस कार्यक्रमको अनुगमन सुनापति गाउँपालिका पशु सेवा शाखाले गर्नेछ र सोको मासिक प्रतिवेदन र प्रगति सुनापति गाउँपालिकामा पठाउनु पर्ने छ ।

**९. थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुनापति गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**आज्ञाले,**
**कमल राज श्रेष्ठ**

प्रमुख प्रशासकीय अधिकृत